मिति: १९ चैत्र २०८०

माननीय मन्त्रीज्यू,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

माननीय महान्यायधिवक्ताज्यू,

महान्यायधिवक्ताको कार्यालय,

रामशाहपथ, काठमाडौं ।

श्री सचिवज्यू,

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय,

सिंहदरबार, काठमाडौं ।

विषय : क्रमशः संसद्मा विचाराधीन संशोधन विधेयकको वैध निकास, संशोधित प्रबन्धअन्तर्गत आयुक्तहरूको नियुक्ति र आयुक्तहरूको मातहतमा उल्लंघनको प्रभावकारी छानबिन सुनिश्चित हुने गरी सर्वोच्च अदालतको पछिल्लो आदेश कार्यान्वयनको कदम चाल्न माग ।

महोदय,

विस्तृत शान्ति सम्झौता सम्पन्न भए लगत्तैदेखि विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रियाको स्थापनाका लागि जवाफदेहिता निगरानी समितिले रचनात्मक हस्तक्षेप गर्दै आएको छ । साथै संक्रमणकालीन न्यायसम्बन्धी कार्यकारी, विधायिकी एवं न्यायिक प्रयासहरूलाई नजिकबाट नियाल्दै आइरहेको छ ।

१. पछिल्लो आदेशको सन्दर्भ :

पछिल्ला न्यायिक निर्णयहरूलाई समष्टिमा अध्ययन गर्दा विगतमा राजेन्द्र ढकाल (आदेश मिति: २०६४ जेठ १८), जुरी नेपालका लागि माधब बस्नेत समेत (आदेश मिति: २०७० पौष १८) र सुमन अधिकारी समेत (आदेश मिति: २०७१ फाल्गुण १४) का मुद्दामा स्थापित नजिर तथा सिद्धान्तअनुरूप कानूनी प्रबन्ध गरेर संक्रमणकालीन न्याय प्रक्रियालाई सुचारु गर्न सरकार असफल भएकोप्रति सर्वोच्च अदालतले गम्भीर सरोकार व्यक्त गर्दै आएको देखिन्छ ।

यसै क्रममा ज्ञानेन्द्र आरण समेत (०७९-WO-१४५७) मा संयुक्त इजलासले २०८० माघ १५ गते जारी गरेको पछिल्लो आदेशमा कानून संशोधनको कामलाई शीघ्र सम्पन्न गर्न सरकार र संसद्को ध्यानाकर्षण गराएको छ । आदेशमा "कानून संशोधनको विषयमा यस अदालतबाट मार्गदर्शन भएको वर्षौं व्यतित भइसकेको अति लामो अवधिसम्म पनि संशोधन नगरिनु उचित र उपयुक्त मान्न सकिँदैन" (प्रकरण २९) भन्दै इजलासले "अदालतबाट संक्रमणकालीन न्यायसँग सम्बन्धित कानून परिमार्जन गर्न दिएका आदेशहरूको पनि यथाशीघ्र कार्यान्वयन गर्ने गराउने कुरामा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय र संघीय संसद्को ध्यानाकृष्ट हुन पनि आवश्यक छ" (प्रकरण ३०) भनेको छ ।

त्यसका अलावा आयोगहरू अनन्तकालसम्म पदाधिकारीविहीन रहने र कर्मचारीहरू पनि उपलब्धिविहीन बनिरहने अवस्थालाई पनि अदालतले गम्भीर रूपमा लिएको देखिन्छ । त्यसै सन्दर्भमा पदाधिकारी नियुक्ति र कर्मचारीको भूमिका बारेमा निम्नानुसार आदेश जारी गरेको देखिन्छ :

"प्रस्तुत आदेश प्राप्त गरेको एक महिनाभित्र सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीहरूको नियुक्तिका लागि समिति गठन कार्य सम्पन्न गरी नियुक्ति प्रक्रिया प्रारम्भ गर्नू भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका नाउँमा परमादेश जारी हुने ।"

"आदेश प्राप्त गरेको १५ दिनभित्र पीडितको शीघ्र सत्य तथ्य जान्न पाउने र न्यायको हकको सुनिश्चित र संरक्षित गर्नका लागि सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरूको संस्थाका प्रतिनिधिहरू र दुवै आयोगका सचिवहरूसँग परामर्श गरी पदाधिकारी नभएको अवस्थामा आयोगका सचिवले कार्यटोली गठन गरी पीडितमैत्री वातावरण सृजना गरी प्रारम्भिक छानबिनको कार्य प्रारम्भ गर्न गराउन सक्ने गरी आवश्यक र उपयुक्त प्रबन्ध गर्न गराउन भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखि पठाउने ।" (प्रकरण ४२)

उक्त आदेशलाई लिएर सरोकारवालाहरू (खासगरी पीडितहरू) बाट विभाजित धारणाहरू अभिव्यक्त भएका छन् । कतिपयले सुमन अधिकारी समेतका मुद्दामा स्थापित नजिर तथा सिद्धान्तअनुरूप हुनेगरी ऐन संशोधनको काम टुंग्याएपछि संशोधित प्रावधानअन्तर्गत मात्रै नियुक्ति प्रक्रिया थाल्न माग गरेका छन् । साथै प्रारम्भिक छानबिनको गहनतालाई दृष्टिगत गरेर आयुक्तहरूको अनुपस्थितिमा कर्मचारीबाट उक्त कार्य हुन नसक्ने तर्क अगाडि सारेको देखिन्छ । केही पीडितहरूले भने आदेशमा लेखिएअनुरूप विद्यमान कानूनअन्तर्गत पदाधिकारी नियुक्तिका लागि सिफारिस समिति बनाउन र कर्मचारीको तहबाट प्रारम्भिक छानबिनको प्रबन्ध गर्न सरकारलाई आग्रह गरेका छन् । यसैबीच आदेशको एकांकी बुझाइको आधारमा ऐन संशोधन टुंगो नलगाई पदाधिकारी नियुक्तिको प्रक्रिया थाल्न (सिफारिस समिति गठन गर्न) नेपाल सरकार समेत अग्रसर भएको भन्ने समाचारहरू सार्वजनिक भएका छन् । उल्लिखित पछिल्लो घटनाक्रमको बारेमा निगरानी समितिको गम्भीर ध्यानाकर्षण भएको छ ।

२. न्यायिक आदेशहरूको समुच्च र होलिस्टिक बुझाइ :

पछिल्लो फैसलाको समुच्च मनसाय विगतका आदेशअनुरूप कानून संशोधन होस्, विश्वसनीयता सुनिश्चित होस् र आयोगहरूको काम पुनः सुचारू होस् भन्ने नै देखिन्छ । फैसलाको समष्टि अध्ययनमा अनुभूत हुने त्यो स्पिरिट आदेशको भाषामा प्रतिबिम्बित नहुँदा बुझाइमा समस्या सृजना भएको देखिन्छ । आदेशलाई एकांकी रूपमा हेर्नु गलत हुन्छ । आदेशको सन्तुलित र सान्दर्भिक बुझाइ आवश्यक छ । विगतका आदेशहरूको आलोकमा यसलाई हेर्नुपर्दछ ।

संसद्मा विचाराधीन विधेयक सुमन अधिकारी लगायतका विगतका आदेशहरू कार्यान्वयनप्रति नै लक्षित छ । कानून संशोधनको काम नटुंग्याई आयुक्त नियुक्ति प्रक्रिया थाले समस्या थप बल्झिनेतर्फ सरकार सचेत हुन जरूरी छ । पछिल्ला जे जति न्यायिक आदेश तथा निर्णयहरू आएका छन्, ती सबै सुमन अधिकारी समेतको मुद्दाको आदेश परिपालना नहुँदाकै उपज हुन् भन्ने बुझ्नुपर्दछ । संयुक्त इजलासले गरेको पछिल्लो फैसला पूर्ण इजलासको नेतृत्वदायी नजिरमाथि हावी हुन पनि सक्दैन । ज्ञानेन्द्र आरण मुद्दामा निरूपण गर्न खोजिएको विषय पनि सुमन अधिकारी समेतको मुद्दामा उठाइएका विषयहरूसँगै अन्योन्याश्रित छ । कानून संशोधन नगरी पदाधिकारी नियुक्तिको प्रक्रिया थाल्ने हो भने प्रकारान्तरले विश्वसनीय संक्रमणकालीन न्याय प्रक्रिया खोज्ने विगतका आदेशहरूकै उल्लंघन हुन जान्छ ।

आयुक्त नियुक्त गर्नु मात्रै समाधान होइन रहेछ भन्ने कुरा विगतको अनुभवले पनि देखाएको छ । सम्बोधन हुन नसकेको मूल सवाललाई पन्छाएर अर्को एक थान आयुक्तहरू नियुक्त गर्ने कुराले न त वैधता पाउँछ न सार्थक परिणाम नै दिन्छ । विगतमा आयोगहरूले पनि ऐन संशोधन नहुँदा काम गर्न नसकेको गुनासो पटकपटक गरेको तथ्य जगजाहेर नै छ ।

तसर्थ पछिल्लो आदेशको यान्त्रिक र सतही कार्यान्वयन होइन कि समष्टिगत रूपमा राजेन्द्र ढकालदेखि लिएर ज्ञानेन्द्र आरणसम्मका आदेशहरूको मर्म र भावनाको यथोचित सम्बोधन हुने विकल्पमा जानुपर्दछ । सरकार बहकिनुहुँदैन ।

होलिस्टिक अप्रोचबाट निर्देशित हुनुपर्दछ । विगतमा जे कारणले संक्रमणकालीन न्याय प्रक्रिया “डिरेल” भएको थियो, त्यही अवस्था फेरि दोहोऱ्याउनु विडम्बनापूर्ण हुन जान्छ । क्रमशः वैधता आर्जन गर्दै गएको संसद्‌मा विचाराधीन संशोधन विधेयकलाई परिमार्जन गरी टुंगोमा पुऱ्याउने कुराले समुच्च न्यायिक नजिर तथा सिद्धान्तहरूको पालनालाई मार्गप्रशस्त गर्दछ । यस कुरालाई हेक्का राख्न जरूरी छ ।

संशोधन विधेयक विचाराधीन रहेको तथ्य सामान्यतः इजलासले जानकारीमा लिएको भए पनि ऐनको दफा ३ को विषय (आयोगको कम्पोजिसन र आयुक्त छनोट प्रक्रिया) समेत विचाराधीन भएको तथ्य जानकारीमा लिएर त्यसलाई पनि विचार गरेको भन्ने देखिँदैन । साथै आदेशको भाषा चयन गर्दा पूर्व नजिरहरूको समुच्च अर्थ, शक्ति पृथकीकरणको सिद्धान्त, व्यावहारिक उपयुक्तता, संक्रमणकालीन न्यायको बहुआयामिक पक्ष र संवेदनशीलता समेतमा अपेक्षित दृष्टि पुग्न सकेको देखिँदैन । त्यो न्यायिक कमजोरीलाई कसैले पनि अवसरको रूपमा उपयोग गर्न खोज्नुहुँदैन । समुच्च आदेशहरूको मूल मर्म पर्गेलेर त्यसको वैध कार्यान्वयनको मार्ग पहिल्याउनुपर्छ । संक्रमणकालीन न्यायको सन्दर्भमा सरकारको तर्फबाट विगतदेखि श्रृंखलाबद्ध रूपमा हुँदै आएका त्रुटि र कमजोरीबाट सिक्नुपर्ने पाठ पनि यही नै हो ।

पछिल्लो फैसलामा प्रयुक्त दोस्रो आदेशका दुईवटा अन्तरवस्तु देखिन्छन् । पहिलो, द्वन्द्वबाट पीडित भएका व्यक्तिहरूको संस्थाका प्रतिनिधि र दुवै आयोगका सचिवहरूसँग ‘‘परामर्श’’ र दोस्रो परामर्शको निचोड के आउँछ त्यसलाई समेत विचार गरेर पदाधिकारी नभएको अवस्थामा आयोगका सचिवले कार्यटोली गठन गरी प्रारम्भिक छानबिनको कार्य ‘‘प्रारम्भ गर्न गराउन सक्ने’’ गरी ‘‘आवश्यक र उपयुक्त प्रबन्ध’’ गर्ने कुरा । ऐनको प्रस्तावना, दफा २ (ख), दफा ३, दफा ९, दफा १३, दफा १४, दफा ३१, दफा ३३, दफा ३४ र दफा ४२ तथा ऐनअन्तर्गत बनेका नियमावली समेतको आलोकमा हेर्दा उल्लंघनको छानबिन आयोगका पदाधिकारीको मातहतमा मात्रै हुन सक्ने देखिन्छ । छानबिन सम्बन्धमा सचिवको अधिकारको सीमा र दायराको हेरफेर कार्यकारी तहबाट गर्न सकिने देखिँदैन । उल्लंघनको छानबिनलाई ऐन आफैंले “प्रारम्भिक” र “विस्तृत” भनेर वर्गीकरण गरेको पनि छैन । प्रारम्भिक छानबिनको उल्लेखन नियमावलीमा रहे पनि यसको दायरा अपरिभाषित छ । तसर्थ आयुक्त अनुपस्थित रहेको अवस्थामा कर्मचारीको तहबाट उल्लंघनको प्रारम्भिक छानबिन गर्न कार्यादेश दिने गरी ‘‘आवश्यक र उपयुक्त प्रबन्ध’’ गर्ने कुराले पनि संसदीय कारबाही नै खोज्दछ । प्रारम्भिक छानबिनलाई परिभाषित गर्न र त्यसका लागि कर्मचारीलाई सशक्तीकृत गर्न औचित्यका आधारमा संसद्‌ले ऐन संशोधन गरेर प्रबन्ध गर्न नसक्ने हुँदैन । तर विधायिकाको क्षेत्राधिकारभित्र पर्ने कुरालाई कार्यकारी निर्णय वा आदेशको आधारमा ऐनमा अपवाद सृजना गर्ने कुरा औचित्यपूर्ण हुँदैन ।

बरू अदालतको आदेशको मर्म र भावनालाई आत्मसात गरेर सरकारले ऐन संशोधनका लागि पहल गर्न नसक्ने भन्ने हुँदैन । साथै आयुक्तहरूको अनुपस्थितिमा पनि कर्मचारीको भूमिका प्रभावकारी बनाउन छानबिनलाई सहयोग पुग्ने प्रकृतिका विविध काममा कर्मचारीको समय र ऊर्जाको लगानी गर्न सकिन्छ । जस्तै, उजुरीहरूलाई उल्लंघनको घटना र त्यसको प्रकृतिको आधारमा क्लस्टरिङ गर्ने, विकसित विधिशास्त्रको अध्ययन अनुसन्धान गरेर आयोगका लागि आवश्यक ब्रिफिङ पेपर तयार गर्ने, अन्य देशको तुलनात्मक अनुभवको अध्ययन गरेर फ्याक्ट शीटहरू तयार पार्ने, र त्यसबाट नेपालले सिक्नुपर्ने पाठसहितको निचोड निकाल्ने, पीडितहरूको परिपूरणीय आवश्यकताको अध्ययन तथा पहिचान गर्ने, द्वन्द्वका कारक तत्त्वको पहिचान तथा विश्लेषण गर्ने, द्वन्द्व पुनःनदोहोरिने सुनिश्चितताका लागि अपनाउनुपर्ने उपायहरूको खोजी गर्ने, परिपूरणको सन्दर्भमा प्रदेश र स्थानीय तहको रचनात्मक भूमिका बढाउनका लागि दिग्दर्शन तयार पार्ने, खास प्रकृतिका पीडितहरू (जस्तै लैंगिक हिंसाका पीडित) का बीचमा पुगेर संक्रमणकालीन न्याय/न्यायमा पहुँचको बारेमा जागरण फैलाउने, उनीहरूले भोगेका खास प्रकृतिका समस्या र त्यसको सम्बोधनका लागि अपनाउनुपर्ने उपाय लगायतका सन्दर्भमा अध्ययन समेत गर्ने लगायतका कार्यहरू गर्दा संक्रमणकालीन न्याय प्रक्रिया सुसूचित रूपमा अगाडि बढाउन टेवा पुग्दछ । यसका लागि कार्ययोजना बनाएर सचिवहरूले कार्यान्वयनमा ल्याउन सक्छन् । यसले आयोगभित्रको कर्मचारीतन्त्र पनि चलायमान हुन्छ । पछि नियुक्त भएर आउने आयुक्तहरूलाई कार्यादेश बमोजिमको काम अगाडि बढाउन सहयोगात्मक वातावरण सृजना हुन्छ ।

३.  पटके गल्तीबाट  सिक्नुपर्ने पाठ :

के कति कारणले दशकअघि संक्रमणकालीन न्याय प्रक्रिया डिरेल भयो र अहिलेसम्म किन लिकमा फर्किन सकेको छैन भन्ने सवालमा गम्भीर समीक्षा हुनुपर्छ। विस्तृत शान्ति सम्झौता भएलगत्तै ऐन मौकामै (२०६४ सालमा) संक्रमणकालीन न्यायका लागि दुई मस्यौदा विधेयकहरू सरकारले तयार पारेको हो । संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय समेतसँगको सहकार्यमा मस्यौदाउपर देशव्यापी परामर्श पनि भएका हुन् । त्यसपछि सरकारले २०६६ सालमा दुईवटा विधेयक संसद्मा दर्ता गराएको हो । तत्कालीन व्यवस्थापिका संसद्को विधायन समितिमा विचाराधीन विधेयक टुंगो नलाग्दै संविधानसभाको पहिलो कार्यकाल सकियो । विधायिकाको अनुपस्थितिलाई तत्कालीन सरकारले  रणनीतिक उपयोग गर्‍यो । २०६९ सालमा सरकार स्वेच्छाचारी तरिकाले अध्यादेशको विकल्पमा हामफाल्यो । विधेयकका अधिकांश व्यवस्थाहरू तोडमोड गरेर अध्यादेश ल्याइयो । त्यहाँदेखि संक्रमणकालीन न्याय प्रक्रिया लिक बाहिर गयो । अध्यादेशले न्यायिक चुनौतीको सामना गर्‍यो ।

२०७० पौष १८ गते सर्वोच्च अदालतले अध्यादेशका क्षमादानमुखी प्रावधानलाई असंवैधानिक घोषित गर्दै विज्ञ तथा सरोकारवालाहरूसँग परामर्श गरेर संक्रमणकालीन न्याय प्रक्रियालाई विश्वसनीय बनाउने गरी कानून बनाउन आदेश दियो। त्यस आदेशको पालना भएन। पीडित र नागरिक समाजका प्रतिनिधि सम्मिलित कार्यदल गठन गरियो। कार्यदलले १० दिनभित्रै तीनवटा विधेयकका मस्यौदा सहितको प्रतिवेदन पनि बुझायो। तर प्रतिवेदनलाई आदेशको यान्त्रिक पालना गरेको प्रमाण जुटाउन मात्रै सरकारले उपयोग गर्‍यो। राजनीतिक सौदाबाजीको आधारमा २०७१ सालमा सरकारले ऐन ल्यायो।

ऐनका अधिकांश प्रावधानलाई सुमन अधिकारी लगायतका पीडितहरूले सर्वोच्च अदालतमा चुनौती दिए । अध्यादेशका त्रुटिहरू ज्यूँकात्यूँ ऐनमा राखेको ठहर गर्दै सर्वोच्च अदालतले ऐतिहासिक फैसला सुनायो। केही क्षमादानमुखी प्रावधानलाई असंवैधानिक घोषित गरिदियो । साथै विगतका फैसला (राजेन्द्र ढकाल, माधब बस्नेत र लिलाधर भण्डारी समेत) को आलोकमा ऐनलाई व्यापक संशोधन गर्न पनि आदेश दियो । उता पीडित तथा नागरिक समाजका वैध मागलाई उपेक्षा गरेर अगाडि बढ्ने रवैया भने सरकारले कायमै राख्यो । सुमन अधिकारी समेतको मुद्दा फैसला नहुँदासम्म आयोग गठनको प्रक्रिया नथाल्न गरेको आग्रहलाई अस्वीकार गर्‍यो। मुद्दाको निरूपण नहुँदै राजनीतिक भागबण्डामा आयुक्तहरू नियुक्ति गरिए। आयोगहरूको वैधताको सङ्कट त्यहीँबाट शुरू भयो। त्यसपछि न समयमा ऐन संशोधनको काम सम्पन्न गर्न सकियो, न त आयोगहरूले नै अर्थपूर्ण रूपमा कार्य सम्पादन गर्न सके। दुईपटकसम्म आयुक्तहरू नियुक्त गरिए। अमूल्य समय र स्रोतको बर्बादी भयो। तर समस्या जहाँको त्यहीँ रह्यो। कुनै पनि उपलब्धि हासिल हुन सकेन। उक्त त्रुटिबाट पाठ नसिकी दशकपछि पनि उल्टो बाटो हिँड्ने र उही त्रुटि दोहोर्‍याउने जस्तो महामूर्खता अरू केही हुने छैन भन्ने कुरा सम्झाइरहनुपर्छ जस्तो लाग्दैन।

४. सरकारले चाल्नुपर्ने सन्तुलित कदम :

विगतलाई पुनः दोहोर्‍याउने कि त्यसबाट शिक्षा लिएर समाधानतर्फ अगाडि बढ्ने ? विकसित हुँदै जान थालेको विश्वासको वातावरण भत्काउने कि त्यसलाई अझै सुदृढ पार्ने ? सरकारका सामु यो गम्भीर सवाल उपस्थित भएको छ। विचाराधीन संशोधन विधेयकको संसद्ले वैध टुंगो लगाएपछि मात्रै पदाधिकारी नियुक्ति प्रक्रिया थाल्ने गरी सर्वोच्च अदालतको पछिल्लो आदेश कार्यान्वयनको कदम चाल्न निगरानी समिति जोड दिन्छ । राजेन्द्र ढकालदेख ज्ञानेन्द्र आरणसम्मका मुद्दामा सर्वोच्च अदालतले दिएका आदेशहरूको समुच्च मर्म र भावनालाई आत्मसात गरेर पछिल्लो आदेश कार्यान्वयन गर्न सरकारले निम्नानुसार कदम चाल्न जवाफदेहिता निगरानी समिति निम्नानुसार माग गर्दछ :-

४.१. पछिल्लो न्यायिक विकासक्रम, संसद्मा विचाराधीन विधेयक र सरकारले अविलम्ब चाल्नुपर्ने कदमका बारेमा सरोकारवालाहरूसँग सार्थक परामर्श गर्ने ।

४.२. नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई सम्बोधन गरी पत्र लेखेर निम्नानुसार जानकारी गराउने :

क) सिफारिस समितिको गठन तथा पदाधिकारी छनौट प्रक्रियाको सवालमा समेत संशोधनको प्रस्ताव समेटिएको विधेयक अहिले प्रतिनिधिसभामा विचाराधीन रहेको ।

ख) सर्वोच्च अदालतकै पूर्ण इजलासले सुमन अधिकारी समेतको मुद्दामा गरेको आदेशले निर्दिष्ट गरेअनुरूप कानून संशोधनको उद्देश्यले सरकारले संसद्मा दर्ता गराएको विचाराधीन संशोधन विधेयक ससद्बाट टुंगो लागेपश्चात् अविलम्ब आयोगका पदाधिकारी छनौटको प्रक्रिया प्रारम्भ गर्न सरकार तयार रहेको ।

ग) संशोधनका विषयहरूमा संसद्भित्र र बाहिरका सबै सरोकारवालाहरूको चिन्ता र सरोकारलाई यथाशक्य सम्बोधन गरी संसद्बाट विधेयक पारित गरी संक्रमणकालीन न्याय प्रक्रियालाई गति दिनका लागि सहजीकरण गर्ने कुरालाई सरकारले उच्च प्राथमिकतामा राखेको ।

घ) कर्मचारीको तहबाट प्रारम्भिक छानबिन गर्न पाउने गरी "आवश्यक र उपयुक्त प्रबन्ध" सुनिश्चित गर्नका लागि ऐन संशोधन लगायतका विकल्पका बारेमा सरकारले सरोकारवालाहरूसँग परामर्श थालिसकेको र परामर्शको निचोडको आधारमा ठोस धारणा बनाएर अगाडि बढ्ने कुरालाई प्राथमिकतामा राखेको ।

संक्रमणकालीन न्यायको विषयलाई रचनात्मक रूपमा अगाडि बढाउने सन्दर्भमा सहयोग गर्न निगरानी समिति सदा तत्पर रहने नै छ ।

बोधार्थ तथा ध्यानकर्षण :

- सम्माननीय रामचन्द्र पौडेलज्यू, राष्ट्रपति ।
- सम्माननीय पुष्पकमल दाहालज्यू, प्रधानमन्त्री तथा अध्यक्ष, नेकपा माओवादी केन्द्र ।
- सम्माननीय देवराज घिमिरेज्यू, सभामुख, संघीय प्रतिनिधि सभा ।
- सम्माननीय नारायण दाहालज्यू, अध्यक्ष, संघीय राष्ट्रिय सभा ।
- माननीय शेरवहादुर देउवाज्यू, प्रमुख विपक्षी दलको नेता, सभापति, नेपाली कांग्रेस ।
- माननीय खड्ग प्रसाद शर्मा ओलीज्यू, अध्यक्ष, नेकपा एमाले ।
- माननीय रबि लामिछानेज्यू, उपप्रधान तथा गृह मन्त्री तथा अध्यक्ष राष्ट्रिय स्वतन्त्र पार्टी ।
- माननीय माधव कुमार नेपालज्यू, अध्यक्ष, नेकपा समाजवादी ।
- माननीय उपेन्द्र यादवज्यू, उपप्रधान तथा स्वास्थ्य मन्त्री, अध्यक्ष, जनता समाजवादी पार्टी ।
- माननीय विमला सुवेदीज्यू, सभापति, कानून न्याय तथा मानवअधिकार समिति, प्रतिनिधिसभा ।
- महामहिम हाना सिंगर हेम्डीज्यू, संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक ।

नागरिक संस्थाहरुकोतर्फबाट मागपत्र प्रस्तुतकर्ता: १. राजुप्रसाद चापागाईं, संयोजक, जवाफदेहिता निगरानी समिति; २. निराजन थपलिया, निर्देशक, एम्नेस्टी इन्टरनेशनल, नेपाल; ३. विजय गौतम, निर्देशक, इन्सेक; ४. बिकास बस्नेत, निर्देशक, एड्भोकेसी फोरम–नेपाल; ५. रुकमनी महर्जन, अध्यक्ष, जुरी- नेपाल; ६. सलिना काफ्ले निर्देशक, ह्युमन राइट्स एन्ड जस्टिस सेन्टर; ७. अनिता थपलिया, निर्देशक, लिगल एड एन्ड कन्सलटेन्सी सेन्टर, ल्याक; ८. पूजा पन्त, निर्देशक, भोइसेस अफ वीमेन मिडिया; ९. पुष्प भुसाल, अध्यक्ष, कोक्याप; १०. उपासना राना, निर्देशक, वीमेन फर ह्युमन राइट्स; ११. सुबिन्द्र बोगटी, निर्देशक, नेपाल पिसबिल्डिङ इनिशिएटिभ; १२. सुसन रिसाल, निर्देशक, नागरिक आवाज; १३.प्रेम बहादुर राना, निर्देशक, द स्टोरी किचेन; १४. अन्जना शाक्य, अध्यक्ष, हिमराइट्स; १५. पीताम्बर कोइराला, कार्यक्रम प्रमुख, टीपीओ नेपाल ।

जवाफदेहिता निगरानी समितिको तर्फबाट,

राजुप्रसाद चापागाईं

संयोजक